यहि मिति २०८२ असोज महिनाको ३१ गते बसेको कार्यपालिका बैठकको निर्णयहरू:

१. यस गाउँपालिका गाउँकार्यपालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो ।

२. २०८२ साल असोज १८ र १९ गतेको भारी बर्षात पछिको बाढी पहिरोको कारण महाभारकत गाउँपालिका क्षेत्रमा भएको क्षति तथा राहत व्यवस्थापनको विषयमा पालिकाले गरेका समन्वय र सहजीकरणका बारेमा कार्यपालिकालाइ जानकारी गराइयो।

३. चालु आर्थिक वर्ष २०८२।०८३ को लागि गाउँसभाबाट स्वीकृत स्वास्थ्य बिमा कार्यक्रम संचालन गर्न स्वास्थ्य शाखाबाट तयार गरी पेश भएको स्वास्थ्य बिमा सञ्चालन कार्यविधि २०८२ अध्ययन गरी प्रतिवेदन सहित पेश गर्न कार्यपालिका अन्तरर्गतको विधायन समितिमा पठाउने निर्णय गरीयो।

४. प्रशासन शाखाबाट तयार भएको गाउँपालिकाको राजश्व तथा आम्दानी वृद्धि गर्न र नागरिकलाई सेवासँगै करको दायरमा ल्याउन व्यवसाय दर्ता तथा कर प्रणालीलाई व्यवस्थित गर्न व्यवसाय कर सम्बन्धी कार्यविधि २०८२ अध्ययन गरी प्रतिवेदन सहित पेश गर्न विधायन समितिमा पठाउन निर्णय गरीयो।

५. गाउँपालिकाको नयाँ प्रशासनिक भवन परिसरमा बाटो मर्मत पाइपलाइन तथा सेफ्टीक टयाङ्की निर्माण लगायतका कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार अमानत विधिबाट कार्यसम्पन्न भएकोले पूर्वाधार शाखाको प्रस्ताव बमोजिम रू ९२९७५। मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरीयो।

६. प्रदेश विशेष अनुदानबाट निर्माण हुने श्री ज्योती मावी महाभारत ७ को भवन निर्माणको लागि प्राविधिक शाखाको प्रस्ताव बमोजिम भवन निर्माण ठेक्का व्यवस्थापन गर्दा नपुग रकम चालु आर्थिक वर्ष २०८२।०८३ को सरकारी तथा गैरसरकारी संस्थासँग साझेदारी शिर्षकबाट खर्च हुने गरी थप स्रोत सुनिश्चित गर्ने निर्णय गरीयो।

७. प्राविधिक शाखाले तयार गरी पेश गरेको प्रस्ताव बमोजिम दिगो एवम् दीर्घकालिन पूर्वाधार गर्न गाउँपालिकाको बहुवर्षीय आयोजना ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड अध्ययन गरी प्रतिवेदन पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरीयो।

..........................

कान्छामान जिम्बा

कान्छामान जिम्बा

प्रवक्ता

प्रवक्ता